"पाँचखाल नगर-कृषि सहर"
# पाँचखाल नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
पाँचखाल, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

प.सं.: ०७७/७८
च.नं: ६५

फोन नं. ०११-४९९४५१
फ्याक्स नं. ०११-४९९२३७

पाँचखाल नगरपालिका नगर कार्यपालिकाको कार्यालय पाँचखाल, काभ्रेपलाञ्चोक ३ नम्बर प्रदेश, नेपाल

मिति २०७७/०४/०५

श्री सबै वडा कार्यलयहरु ।
पाँचखाल नगरपालिका
पाँचखाल , काभ्रेपालञ्चोक ।

विषय :- बेरोजगार फारम भर्ने सम्बन्धमा
वास्तविक बेरोजगारी छनौट गर्ने सम्बन्धमा

प्रस्तुत विषयमा नेपाल सरकार श्रम, रोजगार तथा समाजिक सुरक्षा मन्त्रालय, प्रधानमन्त्री रोजगार कार्यक्रम अर्न्तगत आ.व. २०७७/०७८ को लागि न्यनुतम रोजगारीमा संलग्न भई सार्वजनिक विकास निर्माणको काममा योगदान गर्न इच्छुक बेरोजगार व्यक्तिहरुको २०७७ श्रावण ८गतेदेखी २०७७ भाद्र ७ गते भित्र आफ्नो स्थायी बसोबास गरेको स्थानीय तहको सम्बन्धीत वडा कार्यलयमा गई बेरोजगार व्यक्तिहरुको सूचिमा सूचिकृत हुने व्यवस्था रहेकोले यस अघि सूचिकृत भएकाहरुले विवरण अध्यावधिक गर्ने र काम गर्न इच्छुक भएको वा नभएको कुरा सम्बन्धीत वडामा सूचना दिनुपर्नेछ ।
यस प्रकृया बमोजिम तँहा वडा कार्यलयमा परेका निवेदनहरु मध्येबाट देहाय बमोजिम मापदण्ड अनुसार प्राथमिकताका ताकी वास्तविक बेरोजगार व्यक्तिहरुको आवेदन फारामहरु जम्मा गरी २०७७ भाद्र ११ गते भित्र पाँचखाल नगरपालिकाको रोजगार सेवा केन्द्रमा पठाइदिनु हुन अनुरोध छ ।
बेरोजगार छनौट मापदण्ड

| | आवश्यक कागजपत्रहरु |
|---|---|
| ➢ कृषि उत्पादन वर्षमा ३ महिना खान नपुग्ने<br>➢ बसोबासको लागि आफ्नै घर नभएको परिवारका सदस्य<br>➢ एकल महिला घरमुली भएको परिवारका सदस्य<br>➢ दलित,अल्पसंख्यक वा लोपोन्मुख परिवारका सदस्य<br>➢ वार्षिक न्युनतम रोजगारी बापत प्राप्त हुने पारिश्रमिक भन्दा कम नगद आय भएको परिवारका सदस्य<br>➢ शहिद तथा बेपत्ता परिवारका सदस्य | १. आवेदनको फारम एक प्रति<br>२. पासपोर्ट साइजको फोटो एक प्रति<br>३. परिवारको सम्पुर्ण सदस्यहरुको नागरिकताको छाँया कपि एक /एक प्रति ( नगरिकता नभएको हकमा जन्मदर्ता)<br>४. स्थायी ठेगानाको प्रमाण नभएकाहरुको हकमा बसाईसराई गरेको प्रमाणपत्र वा विवाह दर्ताको प्रमाण पत्र<br>आवेदन फाराममा भर्नु पर्ने विवरणहरु सबै अनिबार्य रुपमा भर्नुपर्ने । |

निवेदन दिनको लागि आवश्यक फाराम www.pmep.gov.np वेवसाइडबाट डाउनलोड गरि प्राप्त गर्न सकिनेछ ।

..........................
लोक बहादुर भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत